प्रस्तावहरू

१. गत आ.व को मौज्दात रकम विनियोजन, योजना कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धमा,
२. धवलागिरी गाउँपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा
३. धवलागिरी गाउँपालिकाको बिनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा,
४. धवलागिरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व  सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ सम्बन्धमा
५. आ.व. २०८२/८३ को हालसम्मको प्रगति प्रतिवेदन माथि समिक्षा,
६. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा ।
७. सेवा करारमा कार्यरत कर्मचारीहरुको म्यादथप सम्बन्धमा।
८. नदीजन्य पदार्थ (बालुवा) लिलामी सम्बन्धमा।
९. विविध,

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.व को मौज्दात रकम रू ४ करोड बाट गाउँपालिकास्तरीय योजना तथा कार्यक्रम अनुसूची -१, वडास्तरीय योजना अनुसूची-२ र योजना तथा कार्यक्रम संशोधन / रकमान्तर अनुसूची -३ लाई पारित गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको आर्थिक ऐन २०८२ लाई संशोधन गर्न बनेको विधेयक लाई पारित गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको विनियोजन ऐन २०८२ लाई संशोधन गर्न बनेको विधेयक लाई पारित गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।
४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा धवलागिरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व  सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ लाई पारित गर्नको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।
५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२/८३ को हालसम्मको प्रगति तथा आम्दानी र खर्च प्रतिवेदनमाथी छलफल गरि हालसम्म भएको सम्पूर्ण खर्च अनुमोदन गरि गाउँसभाबाट समेत खर्च अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो साथै पुँजीगत खर्च बढाउनका लागि आवश्यक काम कारवाही अगाडी बढाउन गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा ***धवलागिरी गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२*** स्विकृत गर्ने निर्णय गरियो।

७. गाउँपालिका तथा मातहतका निकायमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद २०८३ असार मसान्तसम्म थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाका उपाध्यक्ष श्री रेशम पुन मगरको संयोजकत्वमा मिति २०८२/०७/२८ गते म्याग्दी खोलाको विभिन्न स्थानमा अनुगमनका क्रममा अवैध रुपमा संकलन गरि राखिएको अवस्थामा ५६०४६ क्यू. फिट वालुवा फेला परेको हुँदा उक्त वालुवा गण्डकी प्रदेश आर्थिक ऐन २०८२-८३ मा उल्लेखित दररेट प्रति क्यु. फिट रु ७ मा रु २ थप गरि जम्मा रु ९ (प्रति क्यु. फिट) न्युनतम दर कायम गरि लिलाम बढाबढका आधारमा १५ दिने सूचना प्रकाशन गरी लिलामी गर्ने भनि २०८२/०८/२१ को बैठकबाट निर्णय भई मिति २०८२/०८/२६ मा सूचना प्रकाशन गरिएकोमा सूचनामा तोकिएको अवधिमा कुनै पनि निवेदन/लिलामी प्रस्ताव पेश हुन नआएको हुँदा पूनः ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो। साथै सो अवधिमा पनि कुनै लिलामी प्रस्ताव पेश नभएमा संकलन गर्नेहरुलाई नै दावि पेश गर्न लगाई लिलामी गर्ने निर्णय गरियो।

९. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।

क. गाउँपालिका स्तरीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापनमा भएको रु. १९७७६९७।— खर्च अनुमोदन गरि उक्त खर्च भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ख. वडा नं ३ को वडा कार्यालयलाई केन्द्रीय विद्युत नभएको समयमा समेत सेवा प्रवाहलाई नियमित गर्नका लागि इन्भटर तथा व्याट्री खरिद गरि जडान गर्नका लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ग. लेखा समितिको सदस्य-सचिव आन्तरिक लेखापरीक्षण शाखाको प्रमुखलाई तोक्ने निर्णय गरियो।